"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

# धरान उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## DHARAN SUB-METROPOLITAN CITY
## OFFICE OF THE MUNICIPAL EXECUTIVE

सुनसरी, १ नं. प्रदेश, नेपाल
Sunsari, Province No. 1, Nepal

शिक्षा, युवा तथा खेलकुद महाशाखा / शाखा / उपशाखा

पत्र संख्या :-
चलानी नं. :- ३८८२

मिति: २०७८।०९।२६

**विषयः** विदा सम्बन्धमा ।

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरू,
धरान उपमहानगरपालिका, सुनसरी ।

प्रस्तुत विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७८/०९/२६ गतेको सूचनाअनुसार देशभरका सबै आधारभूत तथा माध्यमिक विद्यालयहरु मिति २०७८/०९/२७ गतेदेखि २०७८/१०/१५ गतेसम्म वार्षिक विदामा मिलान गर्नेगरी विदा दिने निर्णय भएकाले सोही अनुसार विद्यालय बन्द गरी आ- आफ्ना विद्यार्थीहरुलाई खोप कार्यमा सरिक गराउन सहजीकरण गरिदिनुहुन साथै विद्यालय बन्द भएको समयमा **सिकाइ सहजीकरण निर्देशिका २०७७** ले गरेको व्यवस्था बमोजिम बैकल्पिक माध्यमबाट विद्यार्थीको सिकाइ सहजीकरण गरिदिनुहुन अनुरोध छ । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको पत्र यसैसाथ संलग्न छ, पत्रमा उल्लेखित अन्य सम्पूर्ण निर्देशन पूर्ण रुपमा परिपालना गर्नुहुन समेत अनुरोध छ ।

रत्नबहादुर कटुवाल
उपसचिव (अधिकृतस्तर दशौं)
रत्नबहादुर कटुवाल
उप-सचिव (प्रा)

**बोधार्थः**
श्री सूचना शाखा, धरान उपमहानगरपालिका- पत्र **Website** मा राखिदिनु हुन ।

नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्या:-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल।

मिति: २०७८/०९/२६

## सूचना ।

हालैका दिनहरूमा कोभिड-१९ को संक्रमण तीव्ररूपमा फैलिरहेको अवस्थालाई दृष्टिगत गरी कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्र (सिसिएमसि) को मिति २०७८/०९/२५ को सिफारिस तथा मन्त्रालयको मिति २०७८/०९/२६ को निर्णयअनुसार देहाय बमोजिम गर्नु गराउनुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ:

१. देशभरका सबै आधारभुत तथा माध्यमिक विद्यालयहरूले वार्षिक विदामा मिलान हुने गरी यही २०७८ पौष २७ गते देखि २०७८ माघ १५सम्म विदा दिने। विदाको अवधिमा सिकाई सहजीकरण निर्देशिका २०७७ ले गरेको व्यवस्था बमोजिम विद्यार्थीको सिकाइमा आवश्यक सहजीकरण गर्ने ।

२. विदाको अवधिमा विद्यालयका प्रधानाध्यापकले स्थानीय तहमा रहेको स्वास्थ्य चौकीसँग सम्पर्क गरी १२ वर्ष देखि १७ वर्ष उमेर समूहका विद्यार्थीहरूलाई कोही पनि नछुट्ने गरी खोप लगाउने अभियानमा आवश्यक समन्वय र सहजीकरण गर्ने ।

३. १८ वर्ष उमेर समूह र सो भन्दा माथिका सबै उमेर समूहका पूर्ण खोप लगाउन बाँकी विद्यार्थी शिक्षक शिक्षण संस्थाका कर्मचारी तथा अभिभावकहरूले खोपका लागि स्थानीय तहमा रहेको स्वास्थ्य चौकीमा सम्पर्क गर्ने ।

४. विश्वविद्यालय र शैक्षिक प्रतिष्ठानका पूर्व निर्धारित सेमेष्टर र वार्षिक परीक्षाहरू जनस्वास्थ्य र सुरक्षाका मापदण्डहरू पालना हुनेगरी जेड आकारमा वसाइ व्यवस्था गरी सञ्चालन गर्ने। परीक्षा केन्द्रमा मास्क र स्यानिटाइजरको प्रयोग अनिवार्य गर्ने र भौतिक दुरीको प्रावधान कडाइका साथ परिपालन गर्ने ।

५. माघ ७ गते देखि शिक्षण संस्थामा प्रवेश गर्ने सवैले खोपकार्ड अनिवार्य रूपमा साथमा राख्ने प्रवन्ध सम्वन्धित शिक्षण संस्थाले मिलाउने .

६. सबै शिक्षण संस्थाहरुले अर्को सूचना जारी नभएसम्म अभिभावक दिवस वा वार्षिक उत्सव जस्ता सार्वजनिक समारोहको कार्यक्रमहरू आयोजना नगर्ने ।

७. यसपटकको २०७८ माघ १ गते मनाइने राष्ट्रिय योग दिवस "सर्वाङ्गीण विकासका लागि योग" भन्ने नाराका साथ सार्वजनिक भेला वा समारोह नगरी भर्चुअल माध्यमवाट मनाउने ।

२०७८।९।२६

(दीपक शर्मा)
सहसचिव एवं प्रवक्ता

फोन नं.:
वेबसाइट: www.moest.gov.np